**संविधान, संविधानवाद र नेपालको संवैधानिक विकासक्रम**

श्यामकुमार भट्टराई

**केही प्रश्नहरु**

- संविधान भनेको के हो ?
- किन संविधानलाई मूल कानून भनिन्छ ?
- संविधानवाद भनेको के हो ?
- संविधानवाद कति प्रकारका हुन्छन् ?
- संविधानवादको दृष्टिले नेपालको संविधानको समीक्षा गर्दा कस्तो नतिजा देखिन्छ ?
- नेपालमा किन संविधान पटक पटक परिवर्तन भैरहे ?
- संविधानवादको दृष्टिले नेपालको संविधानमा नमिलेका विषयहरु के छन् ?
- संविधानको कार्यान्वयनमा के कस्ता समस्या देखिएका छन् र समाधानका लागि के गर्नुपर्दछ ?

## Constitution

- Constitution is used to describe the whole system of government of country, the collection of rules which establish and regulate or govern the government.
- These rules are partly legal in the sense that courts of law will recognize and apply them, and partly non legal or extra legal, taking the form of usages, understandings, customs or conventions which courts do not recognize as law but which are not less effective in regulating the government then the rules of law strictly so called.

**राजनीतिक तथा कानूनी दस्तावेज**

- संविधान देशको शासन व्यवस्थाको खाका कोर्ने राजनीतिक तथा कानूनी दस्तावेज हो ।
- संविधान राजनीतिक दस्तावेज हो किनकि संविधान राजनीतिले निर्माण गर्दछ र राजनीतिक दिशानिर्देश गर्दछ ।
- यो कानूनी दस्तावेज हो जसले देशको मूल कानूनको रुपमा आफूलाई शीर्ष स्थानमा राखेको हुन्छ ।
- संविधानले राज्य शक्तिको प्रयोग गर्ने विधि र प्रक्रिया निर्धारण गर्दछ । संविधान सरकार र जनताका बीचको सम्वन्ध परिभाषित गर्ने दस्तावेज हो ।
- व्यापक अर्थमा संविधानलाई कानून सम्मत तथा असम्मत निमयहरुको सँगालोको रुपमा लिने गरिन्छ । संकुचित अर्थमा संविधान कानून सम्मत निमयहरुको सँगालो मात्र हो भनिन्छ ।

## Government is only the creature of a constitution.

- Thomas Paine ले संविधानलाई परिभाषित गर्दै उल्लेख गरेका छन् :
- Constitution is not the act of government, but of people constituting a government, and a government without a constitution is power without right...A constitution is a thing antecedent to a government; and a government is only the creature of a constitution.

**संविधानलाई मूल कानून मान्ने आधारहरु**

- संविधानको निर्माण विशिष्ट प्रक्रियाबाट भएको हुन्छ । संविधान सार्वभौमसत्ता सम्पन्न शक्तिबाट जारी भएको हुन्छ । समग्र शासन व्यवस्थाको आधारको रुपमा संविधानको भूमिका रहेको हुन्छ । सरकारलाई अधिकार प्रदान गर्ने, नियन्त्रण गर्ने र उत्तरदायी बनाउने दस्तावेज हो संविधान । यो अरु कानूनको स्रोत हो । संविधानले आफ्नो वैधानिकता आफै घोषणा गरेको हुन्छ । संविधानले राज्यका अंगहरुको सिर्जना गर्ने, शक्तिको बाडफाड गर्ने, हक अधिकारको प्रत्याभूत गर्ने, र राज्यका अंगहरुलाई जिम्मेवार बनाउने दस्तावेज भएको कारण संविधानलाई देशको मूल कानून भनिएको हो । संविधानले राज्यलाई नै सञ्चालन गर्दछ । त्यसैले यो मूल कानून हो तर अरु कानूनहरु राज्यद्वारा शासन व्यवस्था कायम राख्न प्रयोग गरिन्छन् जसको पूर्व शर्तको रुपमा त्यस्ता कानूनहरुको संविधानसँगको संगति रहेको हुन्छ ।

**Instrument**

- The Constitution is an instrument by which government can be controlled.
- The constitutional law is the supreme law. The statutory law is the ordinary law and is to be enacted and enforced subject to the constitutional law.
- There are two kinds of laws, one which governs the State and the other by means of which the State governs.

**Dr. Ambedkar said**

The Constitution is a document which defines the position and power of the three organs of the State. The purpose of a Constitution is not merely to create the organs of the State but to limit their authority of the organs. There will be complete tyranny and complete operation, the legislature may be free to frame any law, the executive may be free to take any decision, and the Supreme Court may be free to give any interpretation of the law. It would result in utter chaos.

**सात** दशकमा सात वटा संविधान

- शासन व्यवस्था सञ्चालनमा उतार चढाव देखिनु, तत्कालीन समस्या समाधान गर्ने औजारको रुपमा संविधानलाई लिनु, सामान्य विषयमा पनि संविधानमा संशोधन गर्ने पद्धति देखिनु, संविधान निर्माणमा सहभागिता सुनिश्चित हुन नसक्नु, मुलुकको विविधतालाई संविधानमा प्रतिविम्वित गर्न नसक्नु, राजनीतिक स्वार्थ विशेष गरी सत्ता स्वार्थमा संविधानलाई उपेक्षा गर्नु वा माध्यम बनाउनु, संविधानलाई तदर्थ दस्तावेजको रुपमा लिनु, भावनामा नभई अक्षरमा संविधानको अर्थ खोज्नु, संविधानप्रति सम्मानभाव र अपनत्वबोध हुन नसक्नु जस्ता कारणले नेपालको संवैधानिक अभ्यासमा यस्तो अस्थीरता देखिएको हो ।

**कस्तो अवस्थामा संविधान निर्माण गरिन्छ** ?

- राज्यक्रान्तिको सफलताको कारणबाट,
- कुनै नयाँ राज्यको उदय भएको कारणबाट,
- कुनै राज्य उपनिवेशबाट स्वतन्त्र भएको कारणबाट,
- राज्यलाई बृहद् रूपको लोकतान्त्रिकीकरणको दिशातर्फ लैजान,
- राज्यव्यवस्थामा रहेको गतिरोधको अन्त्य गर्न ।

**संविधान निर्माण विधि**

- सवैधानिक सम्मेलनको आयोजना गरेर
- संवैधानिक आयोग तथा संवैधानिक कानुनका विद्वान्हरूद्वारा संविधानको निर्माण गरेर
- शासकद्वारा एकलौटी रूपमा संविधान निर्माण गर्ने विधि वा गिफ्ट मोडल
- अरूले लेखेको संविधान स्वीकार्ने विधि
- एउटा संविधानले अर्को संविधानको निर्माण गर्न मार्गप्रशस्त गर्ने विधि
- संविधानसभामार्फत संविधानको निर्माण वा सहभागितामूलक विधि

**संविधानबाद**

- संविधानबाद प्रजातान्त्रिक शासनको आधार हो । यो संविधानको दर्शन पनि हो । यसले उतरदायी शासन व्यवस्थाको परिकल्पना गर्दछ । संविधानबाद सीमित सरकारको अवधारणा हो । सीमित सरकार भनेको कानूनको सीमामा बाँधिएको सरकार हो । जहाँ सरकार कानूनको सीमामा बाँधिएको हुन्छ त्यहाँ नागरिकहरु स्वतन्त्र हुन सक्छन् । त्यसैले संविधानबादलाई प्रजातान्त्रिक शासन व्यवस्थाको गहनाको रुपमा लिने गरिन्छ । यो स्वेच्छाचारिता विरोधी मत हो । यसले शक्ति प्रयोगका आधार र सीमा निर्धारण गर्दछ र नागरिक अधिकारको पक्षपोषण गर्दछ । यो निरंकुशता विरोधी अवधारणा हो । त्यसैले संविधानबादलाई संविधानको आदर्श पनि भन्न सकिन्छ जसले प्रजातान्त्रिक मूल्य मान्यतालाई आत्मसात गरेको हुन्छ ।

- संविधानबादले शासनको वैधानिकतामा जोड दिन्छ । सरकार र शासन संविधान एवम् कानूनसम्मत हुनुका साथै जनताप्रति उत्तरदायी र जनताबाट अनुमोदित हुनु पर्ने मान्यता राख्दछ । संविधानविद् हिलारी बार्नेटले संविधानबादलाई कानूनी मात्र नभई बैधानिक शासन व्यवस्था स्थापना गर्ने आधारको रुपमा चित्रण गरेको पाइन्छ । सन् १२१५ को म्याग्नाकार्टा, फ्रान्सेली राज्य क्रान्ति, सन् १६८८ को गौरवमय क्रान्ति, अमेरिकी स्वतन्त्रता संग्राम, अमेरिकी संविधानको निर्माण, संयुक्त राष्ट्र संघको स्थापना, मानव अधिकारको विश्वव्यापी घोषणा, मानव अधिकारसम्वन्धी अन्तर्राष्ट्रिय सन्धि महासन्धिहरुको व्यवस्थाले संविधानबादको अवधारणालाई सँस्थागत गर्ने आधार प्रदान गरेका छन् । यी त्यस्ता दस्तावेजहरु हुन् जसले नागरिक अधिकार र स्वतन्त्रताको पक्षपोषण गर्दछन् । संविधानबाद आफैमा एउटा त्यस्तो मूल्य वा मान्यता (ख्बगिभ) हो जसले शासन वा सरकारको अपरिहार्यतालाई अस्वीकार गर्दैन तर त्यस्तो शासन स्वेच्छाचारी, निरंकुश वा अतिवादी हुन नहुने कुरामा सर्वाधिक जोड दिन्छ ।
- Constitutionalism is the doctrine which governs the legitimacy of government action.
- By constitutionalism is meant in relation to constitutions written and unwritten, conformity with the broad philosophical values within a State.
- Constitutionalism implies something for more important than the idea of legality, which requires official conduct to be in accordance with prefixed legal rules. The doctrine of constitutionalism suggests at least the following:
- that the exercise of power be within the legal limits conferred by parliament on those with power the concept of intra vires and that those who exercise of power are accountable to law;
- the exercise of power irrespective of legal authority must conform to the notion of respect for the individual and the individual citizens rights;
- that the powers conferred on institutions within a State whether legislative, executive or judicial be sufficiently dispersed between the various institutions so as to avoid the abuse of power;
- that the government in formulating policy, and the electorate on whose trust power is held.

**संविधानबादका प्रकारहरु**

- संविधानबादलाई कानूनी संविधानबाद र राजनीतिक संविधानबाद भनेर बर्गीकरण गर्ने गरिन्छ ।
- कानूनी संविधानबादले शासन व्यवस्था उपर न्यायिक नियन्त्रण तर्फ निर्देशित गर्दछ भने राजनीतिक संविधानबादले राजनीतिक तवरबाट सरकारका काम कारवाहीहरुको नियन्त्रण गर्नु पर्ने धारणा राख्दछ ।
- संविधानबादलाई आर्थिक सामाजिक संविधानबादको रुपमा पनि उल्लेख गर्ने गरेको पाइन्छ ।

**कानूनी संविधानबादका आधारहरु**

- कानूनी संविधानबादलाई उपचारात्मक संविधानबाद पनि भन्ने गरिन्छ । संविधानको सर्वोच्चता, मौलिक हकको व्यवस्था, अदालतको अधिकारक्षेत्र, संविधानको आधारभूत संरचना, शक्तिको पृथकीकरण, स्वतन्त्र न्यायपालिका, न्यायिक पुनरावलोकन जस्ता विषय कानूनी संविधानबादका आधारहरु हुन् ।

**राजनैतिक संविधानबादका आधारहरु**

- राजनीतिक संविधानबादमा अदालती प्रक्रियाबाट लागू गराउन नसकिने कानून इतर (ल्यल भिनबा) तथा नैतिक (:यचबा) प्रकृतिका संयन्त्रहरु पर्दछन् जसको कानूनी शक्ति नहुने भए तापनि असल सरकार वा सुशासन कायम गर्ने कुरामा तिनीहरुको महत्वपूर्ण भूमिका रहने गर्दछ । राजनीतिक सहमति, आवधिक निर्वाचन, बहुदलीय शासन व्यवस्था, उत्तरदायी सरकार, पारदर्शी शासन, अविश्वासको प्रस्ताव र विश्वासको मत जस्ता विषय राजनीतिक संविधानबादका आधारहरु हुन् ।

**संविधानबादका आधारभूत पक्षहरु**

- उत्तरदायी सरकार
- प्रतिनिधिमूलक प्रजातन्त्र

- संवैधानिक सर्वोच्चता
- आधारभूत मानव अधिकारको प्रत्याभूति
- स्वतन्त्र न्यायपालिका
- शक्तिको पृथकीकरण तथा नियन्त्रण र सन्तुलन
- सवल विपक्षी
- कानूनको शासन
- समावेशीता
- पूर्ण प्रेस स्वतन्त्रता
- अधिकारको विकेन्द्रीकरण आदि ।

**नेपालको संवैधानिक विकास**

- **नेपाल सरकार वैधानिक कानून, २००४**
- **नेपाल अन्तरिम शासन विधान, २००७**
- **नेपाल अधिराज्यको संविधान, २०१५**
- **नेपालको संविधान, २०१९**
- **नेपाल अधिराज्यको संविधान, २०४७**
- **नेपालको अन्तरिक संविधान, २०६३**
- **नेपालको संविधान, २०७२**

**नेपाल सरकार वैधानिक कानून, २००४**

- नेपालको पहिलो संविधानको हैसियत प्राप्त गरेको भएपनि यो विधानलाई संविधानबादको दृष्टिले कमजोर संविधान भन्न सकिन्छ । संविधानबादका आधारभूत चरित्रको अभाव रहेको यो संविधान जनतालाई भन्दा शासकहरुलाई केन्द्रविन्दूमा राखी जारी भएको देखिन्छ ।
- सो विधानको दफा ६ मा उल्लेख गरिएको थियो कि नेपालको शासनाधिकार श्री ३ मा रहेको हुनाले शासनसम्वन्धी सबै काम मौसूफबाटै वा आफ्नू अधीनका कर्मचारीहरु द्वारा सञ्चालन हुनेछ । सो विधानले नागरिकलाई कर्तव्यप्रति इमानदार हुन र शासनमा बस्नेहरुको अधिकार सुरक्षित गर्न जोड दिएको देखिन्छ ।

**नेपाल अन्तरिम शासन विधान, २००७**

- मुलुकमा प्रजातान्त्रिक शासन प्रणालीको स्थापना गराउने दस्तावेजको रुपमा रहेको यो संविधानमा पनि संविधानबादका तत्व र चरित्रहरु कमै रहेको पाइन्छ । मौलिक हकको व्यवस्था नहुनु र जनताको प्रतिनिधित्व हुने व्यवस्थापिका नरहनु यो संविधानका निक्कै नै कमजोर पक्षहरु हुन् । यसको कार्यान्वयन पक्षमा प्रशस्त कमजोरी रहेका थिए ।
- संशोधनको क्रममा यो विधानको प्रजातान्त्रिक चरित्र संकुचन भएको पनि देखिएको छ । यसले पछिल्लो समयावधिमा राजाको अधिकारको विस्तार गरेको थियो जुन प्रजातान्त्रिक शासन व्यवस्था अनुकूल थिएन । यद्यपि सोही विधानको समयावधिमा प्रधान न्यायालयको स्थापना गरिनु र प्रधान न्यायालयले व्याख्याको क्रममा नागरिकका अधिकारको संरक्षण गर्ने दिशामा खेलेको भूमिका र विस्तार गरेको अधिकारक्षेत्र एवम् विकास गरेको विधिशास्त्रलाई महत्वपूर्ण उपलव्धिको रुपमा लिन सकिन्छ ।

**नेपाल अधिराज्यको संविधान, २०१५**

- संवैधानिक राजतन्त्र र संसदीय शासन प्रणाली अवलम्वन गरेको प्रस्तुत संविधानले संविधानबादका महत्वपूर्ण चरित्रहरुलाई आत्मसात गरेको थियो । संवैधानिक सर्वोच्चता, प्रतिनिधिमूलक प्रजातन्त्र, शासनमा जन निर्वाचित प्रतिनिधिहरुको उपस्थिति र उत्तरदायी सरकार यो संविधानलाई प्रजातान्त्रिक बनाउने आधारहरु हुन् । यद्यपि यसको कार्यान्वयन पक्षमा प्रशस्त कमजोरी रहेका थिए । छोटो समायवधि कायम रहेको यो संविधानले प्रजातान्त्रिक परिपाटीलाई संस्थागत गर्न सकेन ।

**नेपालको संविधान, २०१९**

- **नेपालको संविधान, २०१९ :** सार्वभौमसत्ता श्री ५ मा निहीत रहेको यो संविधानले निर्दलीय पञ्चायती व्यवस्थाको स्थापना गरेको हो । शासनमा बस्नेहरु शक्तिशाली हुने र नागरिकहरु नियन्त्रित रहने परिपाटीलाई संस्थागत गरेको कारण संविधानबादका दृष्टिले यो संविधान कमजोर मानिन्छ ।

**नेपाल अधिराज्यको संविधान, २०४७**

- वि.सं. २०१५ सालको संविधानले परिकल्पना गरेको संसदीय शासन पद्धति र संवैधानिक राजतन्त्रको जगमा यो संविधान उभिएको थियो । जनतामा निहित सार्वभौमसत्ता, आवधिक निर्वाचन, उत्तरदायी सरकार, प्रतिनिधिमूलक प्रजातन्त्र, स्वतन्त्र न्यायपालिका, संवैधानिक सर्वोच्चता, आधारभूत मानव अधिकारको प्रत्याभूति, विपक्षीको सम्मान लगायतका संविधानबादका आधारभूत विशेषताहरु यो संविधानमा समेटिएको पाइन्छ । कार्यान्वयनको अवस्था हेर्दा यो संविधानको राजनीतिक संविधानबादको पक्ष कमजोर र कानूनी संविधानबादको पक्ष बलियो रहेको देखिन्छ ।
- सो संविधानको प्रस्तावनामा उल्लेख भएको थियो : स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न नेपालको राज्य शक्तिको स्रोत जनता नै हो भन्ने तथ्यलाई हृदयंगम गरी ... नेपाली जनताले केही समय अघि भएको जनआन्दोलनको माध्यमबाट संवैधानिक परिवर्तन गर्ने इच्छा अभिव्यक्त गरेकोले... नेपाली जनताको इच्छाअनुसार यो संविधान प्रारम्भ भएपछि नेपाल अधिराज्यको राजकीय सत्ता र सार्वभौम अधिकार यसै संविधानबमोजिम प्रयोग हुने गरी ... संविधानको घोषणा गरी लागू गरिबक्सेका छौं ।

**नेपालको अन्तरिक संविधान, २०६३**

- राजनीतिक सहमतिको दस्तावेजको रुपमा जारी भएको यो संविधानका धेरैजसो विशेषताहरु वि.सं. २०४७ सालको संविधानसँग मिल्दोजुल्दो रहेको पाइन्छ । यसले समेटेका विषयहरु हेर्दा यो संविधानलाई प्रजातान्त्रिक प्रकृतिको संविधान भन्न सकिन्छ । यसले मुलुकमा संवैधानिक सर्वोच्चता स्थापित गरेको छ । सार्वभौमसत्ता जनतामा निहित रहेको घोषणा गरेको छ । नागरिकका आधारभूत मानव अधिकारको प्रत्याभूत गरेको छ । स्वतन्त्र न्यायपालिकाको परिकल्पना गरेको छ । स्वतन्त्र संवैधानिक अंगहरुको व्यवस्था गरेको छ । विपक्षी दललाई संवैधानिक मान्यता प्रदान गरेको छ । शक्तिको पृथकीकरण तथा नियन्त्रण र सन्तुलनको सिद्धान्तलाई आत्मसात गरेको छ । यस्ता सान्दर्भिक व्यवस्थाहरुका कारण यो संविधानलाई संविधानबादका अधिकांश विशेषताले युक्त संविधानको रुपमा चित्रण गर्न सकिन्छ । तर यसको कार्यान्वयन पक्षमा प्रशस्त कमजोरीहरु रहेका छन् ।
- यो संविधान नेपाली जनताका नामबाट जारी भएको हो जसको घोषणा तत्कालीन प्रतिनिधि सभाले गरेको थियो भने व्यवस्थापिका संसदले त्यसलाई अनुमोदन गरेको थियो ।

**नेपालको संविधान, २०७२**

- जनआन्दोलनको पृष्ठभूमि, जननिर्वाचित संविधानसभाबाट निर्माण गरिएको, जनताको नामा जारी, सार्वभौमसत्ता र राजकीय सत्ता जनतामा निहित
- नागरिक अधिकारको प्रत्याभूति
- राज्य शक्तिको बाँडफाँड, शक्ति पृथकीकरण, स्वतन्त्र न्यायपालिका
- लोकतान्त्रिक मूल्य मान्यताको अवलम्बन
- संविधानबादका आर्दशहरुलाई अंगिकार

**नेपालको संविधान, २०७२**

- जनआन्दोलनको पृष्ठभूमि, जननिर्वाचित संविधानसभाबाट निर्माण गरिएको, जनताको नामा जारी, सार्वभौमसत्ता र राजकीय सत्ता जनतामा निहित
- नागरिक अधिकारको प्रत्याभूति
- राज्य शक्तिको बाँडफाँड, शक्ति पृथकीकरण, स्वतन्त्र न्यायपालिका
- लोकतान्त्रिक मूल्य मान्यताको अवलम्बन
- संविधानबादका आर्दशहरुलाई अंगिकार

**नेपालको संविधानमा संविधानवादको दृष्टिले नमिलेका पक्षहरु**

- विरोधाभाषपूर्ण प्रस्तावनाको दृष्टिकोण
- अमूर्त मौलिक हक
- राज्य शक्तिको अस्वच्छ वितरण । बाँडफाँड ।
- प्रधानमन्त्री र मुख्यमन्त्री प्रतिको अविश्वासको प्रस्तावमा लगाएको सीमा
- स्वतन्त्र न्यायपालिकामा राजनीतिक बाहुल्यता भएको न्याय परिषद्को संरचना
- प्राविधिक रुपमा असमान संवैधानिक संरचना

**संविधान कार्यान्वयनमा देखिएका समस्याहरु**

- संरचना निर्माण (स्वायत्त, नाम, राजधानी )
- भौतिक पूर्वाधार
- कानूनी पूर्वाधार
- मनोविज्ञान
- स्रोत संकलन । परिचालन । अनुशासन
- समन्वय - राजनीतिक र कानूनी
- मौलिक हकको कार्यान्वयन
- न्यायपालिकामा राजनीतिक प्रभावको आरोप
- संवैधानिक आयोगहरुको गठन नहुनु  आदि ।

**संविधानको प्रभावकारी कार्यान्वयनका उपाय**

- संविधानको साक्षरता
- संविधानको परिकल्पना अनुसारको कानूनी एवम् भौतिक संरचना
- संविधान कार्यान्वयनमा नेतृत्व क्षमता विकास
- अन्य मुलुकले अवलम्बन गरेका सफल अभ्यासहरुको अवलोकन
- संविधानको मर्म र भावना अनुसार शासकीय व्यवहारमा सुधारका लागि राजनीतिक तहमा अभिमुखीकरण
- संवैधानिक आयोग र समितिहरुको गठन
- नागरिक निगरानी । अधिकारक्षेत्रको विस्तृतीकरण

**निष्कर्ष**

- संविधानबाद प्रजातान्त्रिक शासनको आधार हो । कुनै पनि संविधान कति प्रजातान्त्रिक छ भनेर मापन गर्ने कसीको रुपमा संविधानबाद रहेको हुन्छ । नेपालको संवैधानिक विकासक्रममा हालसम्म ७ वटा संविधान जारी भैसकेका छन् ।
- संविधानबादको मान्यताका आधारमा हेर्दा उल्लिखित संविधानहरु मध्ये वि.सं. २०४७ सालको नेपाल अधिराज्यको संविधान र वि.सं. २०६३ सालको नेपालको अन्तरिम संविधानलाई प्रजातान्त्रिक संविधानको कोटीमा राख्न सकिन्छ । लोकतान्त्रीक विधिबाट बनेको नेपालको संविधानले संविधानबादका आधारभूत मान्यतालाई ग्रहण गरेकोछ ।
- छिटो छिटो संविधानको परिवर्तन हुने गरेका कारण संविधानको मर्म अनुसारको शासन पद्धति संस्थागत हुन नसकिरहेको यथार्थ हामीसँग रहेको छ । छिटो छिटो परिवर्तन हुने संविधानले राजनीति जागरण त ल्याउदछ तर त्यसले मुलकको सभ्यता र संस्कृति एवम् दिगो विकासमा भने विभिन्न कोणबाट प्रभाव पनि पारिरहेको हुन्छ । यस्ता थोरै प्रभावहरु मात्र सकारात्मक हुने गर्दछन् ।
- मुलुकको समग्र विकासका लागि राजनीतिक प्रजातन्त्र र आर्थिक प्रजातन्त्रलाई साथ साथै लैजान सकिएमा मात्र यसकाले विकासको समग्र आयामलाई समेट्न सक्दछ ।

**अन्यमा**

- The Constitution is the life of a nation and by it a nation comes into existence. It is the offspring of democracy and its wings are freedom and liberty. Freedom in a democracy is the glory of the State, and liberty is the great companion of freedom. To renounce ones liberty is to renounce the quality of being a man.